बैठक संख्या: १४।२०८२-२०८३
बैठक मिति:२०८२।०९।१४ विहान ८:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

आज मिति २०८२।०९।१४ गते सोमबार विहान ८:०० बजे रामधुनी नगरपालिकाका नगर प्रमुख श्री शंकरलाल चौधरीज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

## उपस्थिति

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री शंकरलाल चौधरी | नगर प्रमुख (अध्यक्ष) | |
| २ | श्री तारा थापा | नगर उप प्रमुख | |
| ३ | श्री महेश कुमार चौधरी | वडाध्यक्ष वडा नं. १ | |
| ४ | श्री राम नारायण चौधरी | वडाध्यक्ष वडा नं. २ | |
| ५ | श्री बुध नारायण चौधरी | वडाध्यक्ष वडा नं. ३ | |
| ६ | श्री कमल कार्की | वडाध्यक्ष वडा नं. ४ | |
| ७ | श्री लेखनाथ बास्तोला | वडाध्यक्ष वडा नं. ५ | |
| ८ | श्री शिव शंकर राजधामी | वडाध्यक्ष वडा नं. ६ | |
| ९ | श्री केशव गौतम | वडाध्यक्ष वडा नं. ७ | |
| १० | श्री सुरेन्द्र सिंह खवास | वडाध्यक्ष वडा नं. ८ | |
| ११ | श्री घनश्याम चौधरी | वडाध्यक्ष वडा नं. ९ | |
| १२ | श्री राजेन्द्र कुमार साह | कार्यपालिका सदस्य | |
| १३ | श्री सोम कुमारी सुनुवार | कार्यपालिका सदस्य | |
| १४ | श्री पुनम देवी वि.क. | कार्यपालिका सदस्य | |
| १५ | श्री शुशिला ढुंगाना | कार्यपालिका सदस्य | |
| १६ | श्री भगवती खड्का | कार्यपालिका सदस्य | |
| १७ | श्री सरिता परियार | कार्यपालिका सदस्य | |
| १८ | श्री कमली चौधरी मोची | कार्यपालिका सदस्य | |
| १९ | श्री पवित्रा कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| २० | श्री तेज नारायण यादव | प्रमुख प्रशासकीय अधिकृत | |



CamScanner

बैठक संख्या: १४।२०८२-२०८३
बैठक मिति:२०८२।०९।१४ विहान ८:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

| **अन्य उपस्थिति: कर्मचारी** | | | |
|---|---|---|---|
| १ | श्री विरेन्द्र सिग्देल | लेखा अधिकृत | (हस्ताक्षर) |
| २ | श्री सरोज कोईराला | सूचना प्रविधि अधिकृत | (हस्ताक्षर) |
| ३ | श्री मुना पोखरेल | प्रशासन शाखा | (हस्ताक्षर) |
| ४ | | | |
| ५ | | | |

**प्रस्तावहरु.**

१. प्रस्ताव नं. १: विपद् व्यवस्थापन सम्बन्धमा।

२. प्रस्ताव नं. २: विविध।

**निर्णयहरु**

**निर्णय नं.१**

रामधुनी नगरपालिकाका नगरवासीहरूलाई चिसोबाट न्यानो हुन सहयोग पुग्ने उद्देश्यले दाउरा वितरण गर्ने तथा सो प्रयोजनका लागि रु. १,५०,०००।-बराबरको दाउरा विपद् व्यवस्थापन शिर्षकबाट भुक्तानी हुने गरि वडा नं.४ र ७ वाहेक अन्य वडा कार्यालयहरू प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.२(क)**

रामधुनी नगरपालिका वडा नं. २ को च.नं. ०११७८ मिति २०८२/०९/११ गतेको प्राप्त पत्र तथा वडा नं. २ निवासी श्रीमती रन्जु कुमारीको माग निवेदन अनुसार निज निवेदकलाई अन्तर्राष्ट्रिय सुनौलो एथलेटिक खेल २०८२ काठमाडौं स्थित दशरथ रंगशालामा आयोजना हुने कार्यक्रममा सहभागिता जनाउन सहयोग स्वरूप रामधुनी नगरपालिका वडा नं. २ को युवा तथा बालबालिका सर्वाङ्गीण विकास शीर्षकवाट कट्टा हुने गरी रकम रु. १०,०००।- आर्थिक सहयोग प्रदान गर्ने निर्णय गरियो।

CamScanner

बैठक संख्या: १४।२०८२-२०८३
बैठक मिति:२०८२।०९।१४ विहान ८:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

**निर्णय नं.२(ख)**

रामधुनी नगरपालिका वडा नं. २ को च.नं. ०११३३ मिति २०८२/०९/०३ गतेको प्राप्त पत्र तथा वडा नं.२ निवासी श्री मो. मकबुलको माग निवेदन अनुसार मो. मकसुद दुर्घटनामा परी घाइते भएको हुँदा निज घाइतेको उपचारका लागि आर्थिक सहयोग शीर्षकबाट रकम रु. ५०००।- प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं.२(ग)**

रामधुनी नगरपालिका वडा नं. ६ मा निर्माणाधीन रहेको प्रस्तावित इलाका प्रहरी कार्यालयको स्थलमा निर्माण हुँदै गरेको खानेपानी डिप बोरिङ कार्यका लागि लाग्ने कुल खर्चमध्ये रामधुनी नगरपालिकाले साझेदारी स्वरुप ५०% रकम विपद् व्यवस्थापन शिर्षकबाट भुक्तानी गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं.२(घ)**

सडक बोर्डबाट प्राप्त हुने रकमबाट आ.व. २०८१/०८२ मा रामधुनी मन्दिर जाने बाटो कालोपत्रे योजनाका लागि श्री श्रेष्ठ निर्माण सेवालाई प्राविधिक बिल बमोजिम पालिकाको आन्तरिक स्रोतबाट भुक्तानी भइसकेको हुँदा हाल मात्र सडक बोर्डबाट उक्त रकम प्राप्त भएकोले सो रकम स्रोतभर्ना बापत पालिकाको खातामा आम्दानी जनाई तपसिल बमोजिम सम्पन्न भएका तथा सम्पन्न गर्नुपर्ने योजनाहरूमा उक्त रकमबाट भुक्तानी गर्ने निर्णय गरियो।

तपसिल:

| क्र.स | योजनाको नाम | भुक्तानी रकम | भुक्तानी पाउने फर्म |
|---|---|---|---|
| १ | Road upgradation of Proposed ilaka Police Office Ramdhuni 6 | १०,०६,८६८।४८ | प्रकृति एण्ड प्रशन्न कन्ट्रक्शन |

CamScanner

बैठक संख्या: १४।२०८२-२०८३
बैठक मिति:२०८२।०९।१४ विहान ८:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

| | | | |
|---|---|---|---|
| २ | बजार व्यवस्थापका लागि बाटो र ग्राभेल भर्ने काम वडा नं. १ | ८,५०,०००।- | एलेक्स एण्ड आइसा निर्माण सेवा |
| ३ | पूर्व मुसहरी टोलको बाटोमा ईन्टरलक वडा नं. ९ | ७,८०,०००।- | |

**निर्णय नं.२(घ)**

पुँजीगत तर्फ पञ्चायत माध्यमिक विद्यालय, रामधुनी–७ कुमरखत निर्माण शीर्षकमा विनियोजित ररु ५,००,०००।– रकममध्ये रु. ३,००,०००।– शिक्षक व्यवस्थापन तथा रु. २,००,०००।– फर्निचर व्यवस्थापन शीर्षकमा शीर्षकान्तरण गरी खर्च गर्ने निर्णय गरियो।

**निर्णय नं.२(ङ)**

प्रस्तावित इलाका प्रहरी कार्यालय झुम्का सुनसरीको सवारी जिप गाडी नं. ना १ झ ९१४ लाई मर्मत रोशनवर्कशप इटहरी सुनसरीमा गराइएको हुँदा प्राप्त स्टिमेट तथा विल वमोजिमको रकम रु. ७३,२५५।– सवारी साधन मर्मत शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो।

**निर्णय नं.२(च)**

रामधुनी नगरपालिका वडा नं. ९ निवासी शिवकुमार चौधरीको घरमा आगलागी भई धनजनको क्षति भएको हुँदा निजलाई रामधुनी नगरपालिकाको विपद् व्यवस्थापन शीर्षकबाट रु. १५,०००।– आर्थिक सहयोग स्वरूप भुक्तानी गर्ने निर्णय गरियो।

**निर्णय नं.२(छ)**

रामधुनी न.पा. वडा नं. ७ मा अवस्थित रानीपोखरी रत्नेश्वर शिवालयमा भएको पुराणको लागि रु ३०,०००।- आर्थिक सहायता शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं.२(ज)**

रामधुनी नगरपालिकाको आ.व. २०८२/०८३ को हिउँदे सभा पौष २५ गतेभित्र सम्पन्न गर्ने निर्णय गरियो।

CamScanner